मिती - २०८१/१२/२५
नाम - पारस गिरी

निबन्ध

"सूचना र प्रविधिको युगमा डिजिटल साक्षरता"

२१ औं शताब्दीलाई सूचना प्रविधिको युग भनेर चिनिन्छ । आज संसार डिजिटल प्रविधिको तीव्र विकाससँगै नयाँ दिशातर्फ अग्रसर भइरहेको छ । इन्टरनेट, स्मार्टफोन, कृत्रिम बुद्धिमत्ता, सामाजिक सञ्जाल, अनलाइन शिक्षा, डिजिटल बैंकिङ तथा ई-शासन जस्ता प्रणालीहरूले मानव जीवनलाई सहज, छिटो र प्रभावकारी बनाएका छन् । अहिले मानिसको दैनिक जीवन डिजिटल उपकरण र इन्टरनेट बिना अपूर्ण जस्तै भइसकेको छ । तर प्रविधिको प्रयोग मात्र पर्याप्त हुँदैन, यसलाई सुरक्षित, जिम्मेवार र प्रभावकारी रूपमा प्रयोग गर्ने ज्ञान नै डिजिटल साक्षरता हो । जसरी पढ्न-लेख्न जान्नु साक्षरता हो, त्यसैगरी डिजिटल माध्यम बुझ्ने, सही सूचना छान्ने, प्रविधि प्रयोग गर्ने तथा डिजिटल जोखिमबाट बच्ने क्षमता डिजिटल साक्षरता हो ।

नेपालजस्तो विकासोन्मुख देशमा डिजिटल साक्षरता विकासको मुख्य आधार बन्दै गएको छ । आजको समाजमा डिजिटल साक्षरता बिना आधुनिक जीवन सम्भव छैन ।

डिजिटल साक्षरता भन्नाले कम्प्युटर, मोबाइल, इन्टरनेट र डिजिटल उपकरण प्रयोग गरेर सूचना खोज्ने, विश्लेषण गर्ने, सिर्जना गर्ने तथा साझा गर्ने क्षमता बुझिन्छ । युनेस्को (UNESCO) का अनुसार डिजिटल साक्षरता भनेको सूचना तथा सञ्चार प्रविधिको सुरक्षित, आलोचनात्मक र सृजनात्मक प्रयोग गर्ने क्षमता हो । यसका मुख्य पक्षहरू यस प्रकार छन् ।

- डिजिटल उपकरण प्रयोग गर्ने क्षमता
- अनलाइन सूचना मूल्यांकन गर्ने क्षमता
- साइबर सुरक्षा सचेतना
- डिजिटल नैतिकता र जिम्मेवारी
- अनलाइन सञ्चार कौशल

यसले केवल प्रविधी चलाउन सिकाउने मात्र नभएर सोच्ने तरिकामा पनी परिवर्तन गर्दछ ।

विश्वमा सन् 1990 पछि इन्टरनेटको विस्तारसँगै डिजिटल क्रान्ति सुरु भयो । आहिले विश्वका करिब 5 अर्बभन्दा बढि मानिस इन्टरनेट प्रयोगकर्ता बनिसकेका छन् ।

नेपालमा पनि सुचना प्रविधीको विकास तीव्र गतिमा भइरहेको छ । नेपाल दुर-सञ्चार प्राधिकरणका अनुसार देशमा इन्टरनेट पहुँच 90% भन्दा बढी जनसंख्यासम्म पुगेको अनुमान गरिएको छ । स्मार्टफोनको सुलभ उपलब्धताले गाउँ-गाउँसम्म डिजिटल सेवा पुगेको छ । डिजिटल प्रविधीले निम्न क्षेत्रमा क्रान्ति ल्याएको छ । जस्तै : शिक्षा, स्वास्थ, व्यापार, बैंकिङ, सञ्चार, सरकारी सेवा आदी । यसले विश्वलाई "ग्लोबल गाउँ" मा रुपान्तरण गरेको छ ।

आधुनिक युगको संगसँगै डिजिटल साक्षरता फाइदाजनक र आवश्यकताको रुपमा साबित भएको पाइन्छ । यसले शिक्षामा परिवर्तन ल्याएर कोभिड -19 जस्तो महामारीले झन् डिजिटल साक्षरताको महत्व स्पष्ट देखाएको थीयो । विद्यालयहरु महामारीले प्रभावित भएर बन्द भएको समयमा पनि अनलाइन कक्षाहरु मार्फत शिक्षालाई निरन्तरता दिने मुख्य माध्यम बन्यो । आज विद्यार्थीहरु युट्युब, अनलाइन कोर्स ई-बुक तथा डिजिटल प्लेटफर्मबाट विश्वस्तरीय ज्ञान प्राप्त गर्न सक्ने भएका छन् । डिजिटल साक्षरता विद्यार्थीको अनुसन्धानमुखी र आत्मनिर्भर माध्यी नै भर पर्दछ । त्यसैगरी डिजीटल साक्षरताको आवश्यक आर्थीक विकासको क्षेत्रमा पनि प्रमुख नै रहेको छ । आजभोली बढ्दो बेरोजगारीलाई लक्षित गर्दै प्रत्यक्ष उपस्थिती बीना पनी रोजगारीको सिर्जना गर्नमा महत्वपूर्ण आधार बनेको छ । जस्तै : फ्रीलान्सिङ, डिजिटल मार्केटिङ, ई-कमर्स, अनलाइन व्यवसाय, अन्ली सेवा आदी जस्ता क्षेत्रमा पनि लाखौं मानिसले आम्दानी गरिरहेका छन् । नेपालका धेरै युवाले विदेश नगई घरबाटै अन्तर्राष्ट्रिय काम गरिरहेका छन् । त्यसैगरी सुशासन र पार्दर्शीता, र सामाजिक सशक्तीकरणमा पनी महत्वपुर्ण भुमीका यस डिजील साक्षरताले निर्धारण गरेको छ ।

ई-गभर्नेन्स प्रणालीले सरकारी सेवा छिटो र पारदर्शी बनाएको छ । अनलाइन नागरिकता, कर तिर्ने प्रणाली, डिजिटल भुक्तानीले भ्रष्टाचार घटाउने सम्भावना बढाएको छ । डिजिटल साक्षरता महिलाहरू, ग्रामीण समुदाय तथा अपांगता भएका व्यक्तिका लागी अवसरको ढोका बनेको छ । सामाजिक सञ्जालले आवाज विहीनलाई आवाज दिएको छ ।

डिजिटल साक्षरताका केही फाइदाहरू :

- ज्ञानको सहज पहुँच
- समय र खर्च बचत
- विश्वव्यापी सम्पर्क
- नवप्रवर्तन र सिर्जनात्मकता
- आत्मनिर्भरता वृद्धि

आज एउटा मोबाइलले बैंक, पुस्तकालय, विद्यालय र कार्यालयको काम एकै ठाउँमा सम्भव बनाएको छ ।

डिजिटल साक्षरताका चुनौतीहरू :

- शहर र गाउँबीच इन्टरनेट पहुँच तथा डिजीटल ज्ञानमा ठुलो अन्तर छ । ग्रामीण क्षेत्र साक्षरताको कमी हुँदा अझै पछाडी परेको छ ।
- सामाजिक सञ्जालमा फैलिने गलत समाचारले समाजमा भ्रम सिर्जना गर्छ । डिजिटल साक्षरता नहुँदा मानिस सजिलै भ्रमित हुन्छन् ।
- साइबर अपराधहरू जस्तै : ह्याकिङ, अनलाइन ठगी, डेटा चोरी, फेक आइडी जस्ता समस्या बढ्दै जानु ।
- डिजिटलको तथा मोबाइलको अत्याधिक प्रयोगले मानसिक स्वास्थ्य सामाजिक सम्बन्ध तथा अध्ययनमा असर पारिरहेको छ ।

डिजिटल नैतिकता र जिम्मेवारी :

- डिजिटल साक्षर नागरिकले निम्न कुरामा ध्यान दिनुपर्दछ ।
1) सत्य सुचना मात्र साझा गर्ने
2) अरुको गोपनीयता सम्मान गर्ने
3) साइबर बुलिङ नगर्ने
4) अनलाइन व्यवहारमा नैतिकता अपनाउने

ङ) सरकारले र कानुनले लागु गरेको नीयममा बाधीने ।

प्रविधी शक्ति हो, तर जिम्मेवारी बिना खतरा पनि बन्न सक्छ ।

नेपालको सन्दर्भमा डिजीटल साक्षरता :
नेपाल डिजीटल रुपान्तरणको यात्रामा छ । सरकारले सुरु गरेका पहलहरु यसप्रकार छन् ।
- डिजीटल नेपाल फ्रेमवर्क
- अनलाइन सरकारी सेवा
- डिजीटल भुक्तानी प्रणाली
- सुचना प्रविधी शिक्षा विस्तार
- डिजीटल शीक्षाको अभाव, ग्रामीन क्षेत्रमा इन्टरनेटको गुणस्तरता र प्रशिक्षीत जनशक्तिको कमी जस्तो कुराहरुको निराकरण र समाधान

यदि विद्यालय स्तरबाट डिजीटल शिक्षा अनिवार्य गरियो भने नेपालले ठुलो प्रगति गर्न सक्छ ।

डिजिटल साक्षरता र युवापुस्ता :
नेपालको जनसंख्याको ठुलो हिस्सा युवा छन् । यदि युवा डिजिटल रुपमा दक्ष भए भने : - नयाँ स्टार्टअप जन्मिन्छन्
- बेरोजगारी घट्छ
- नवप्रवर्तन बढ्छ
- देशको अर्थतन्त्र सुदृढ हुन्छ

अतः आजको युवा केवल प्रयोगकर्ता मात्र होइनन्, सिर्जनाकर्ता पनी बन्न सक्छन् ।

भविष्यको डिजिटल समाज :
कृत्रिम बुद्धिमत्ता (AI), रोबोटिक्स, ब्लकचेन, बिग डेटा र भर्चुअल रियालिटीले भविष्यको संसार निर्माण गर्दैछन् ।

भोलीको रोजगारी डिजीटल सीपमा आधारित हुनेछ । डिजीटल साक्षरता

अब विकल्प होइन आवश्यकता हो । जसले डिजिटल ज्ञान हासील गर्छ, भविष्य उसकै हातमा हुन्छ ।

डिजीटल साक्षर समाज निर्माणका लागी :

- विद्यालय देखी डिजीटल शिक्षा लागु गर्ने
- ग्रामीन क्षेत्रमा इन्टरनेट विस्तार
- साइबर सुरक्षा तालिम
- वृद्ध तथा महिलाका लागी डिजीटल प्रशिक्षन
- जिम्मेवार सामाजीक सन्जाल प्रयोग अभीयान

अत: सरकार, निजी क्षेत्र र नागरीक सबैको संयुक्त प्रयास आवश्यक छ ।

निष्कर्ष

सुचना प्रविधीको युगले मानव सभ्यतालाई नयाँ चरणमा पुर्‍याएको छ । डिजीटल साक्षरता आधुनिक समाजको आधारशीला बनेको छ । प्रविधी केवल उपकरण होइन; यो ज्ञान, अवसर र परीवर्तनको माध्यम हो । डिजिटल साक्षरता भएको नागरिकले मात्र सुचना र भ्रमबीचको फरक छुट्याउन सक्छ । डिजीटल सीप भएको समाज आत्मनिर्भर, सशक्त र प्रगतिशील हुन्छ ।

आजको आवश्यकता प्रविधीको प्रयोग मात्र होइन, सही प्रयोग हो । यदि हामीले डीजिटल साक्षरता विकास गर्न सकेनौं भने भविष्यबाट पछि पर्न सक्छौं; तर यदि यसलाई आत्मसात् गर्यौं भने नेपाल डिजिटल युगको अग्रणी राष्ट्र बन्न सक्छ ।

अन्त: डिजीटल युगको अग्रणी राष्ट्र नेपाल बन्ने छ । डीजीटल साक्षरता भनेको केवल कम्प्युटर चलाउने सीप होइन -यो सोच्ने शैली, निर्णय गर्ने क्षमता र जिम्मेवार नागरिक बन्ने आधार हो ।

डिजीटल ज्ञान भएको समाज नै समृद्ध भविष्यको सुनिश्चित आधार हो ।